नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## गणतन्त्र दिवस, २०८३ को शुभकामना सन्देश

गणतन्त्र दिवस, २०८३ को यस ऐतिहासिक एवं सुखद् घडीमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

नागरिक नै राज्यको शक्तिको मूल स्रोत बन्ने यस सुन्दर व्यवस्था स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै, आफ्नो आहुति दिने वीर सहिद, बेपत्ता नागरिकका परिवारजन र परिवर्तनको आन्दोलनमा घाइते हुनुभएका योद्धाहरूप्रति उच्च सम्मान र आदर प्रकट गर्दछु।

वि.सं. २०६५ साल जेठ १५ गते देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको त्यो ऐतिहासिक र गौरवमय पल नेपाली इतिहासको एउटा स्वर्णिम पाना हो। सोही गौरवको सम्झनामा हामीले प्रत्येक वर्ष जेठ १५ गतेलाई राष्ट्रिय उत्सवका रूपमा मनाउँदै आएका छौं। यस अवसरमा संघ, प्रदेश र स्थानीय तहका सरकारहरूका साथै विदेशस्थित हाम्रा कूटनीतिक नियोगहरूले विविध कार्यक्रमका साथ यो दिवस मनाइरहँदा, यसको वास्तविक सुन्दरता नागरिकको मुहारमा झल्कनुपर्दछ। आगामी दिनमा यी र यस्ता राष्ट्रिय पर्वहरूलाई केवल औपचारिक सरकारी घेराभन्दा माथि उठाएर नागरिकस्तरबाटै स्वतःस्फूर्त र भव्य रूपमा मनाउने वातावरण निर्माण गर्न सकेमा मात्र गणतन्त्रको गरिमा र अपनत्व अझ प्रगाढ हुने विश्वास मैले लिएको छु।

अन्तमा, आजको यस ऐतिहासिक दिवसले नेपालको संविधान र लोकतान्त्रिक गणतन्त्रका निष्ठा एवं मूल्य-मान्यताहरूलाई हृदयङ्गम गर्दै राष्ट्रमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको यात्रालाई थप उचाइंमा पुऱ्याउन हामी सबैलाई उत्प्रेरित गरोस्। विभेदमुक्त, न्यायपूर्ण र समृद्ध समाज निर्माणको साझा राष्ट्रिय लक्ष्य हासिल गर्ने बाटोमा अघि बढ्न यो दिवसले सबैमा नयाँ ऊर्जा र देशप्रेमको भावना जागृत गरोस् भन्ने शुभेच्छासहित पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

२०८३ जेठ १५ गते, शुक्रबार

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख